# विकास मोडेलको जानकारी लिनका लागि पदाधिकारी तथा कर्मचारीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अवलोकन भ्रमण प्रतिवेदन,

२०८१




झापाको कचनकवल स्तम्भ समुद्री सतहबाट ५८ मिटर उचाईमा रहेको

प्रस्तुति

श्री भीमराज उपाध्याय

योजना शाखा प्रशासन सहायक

## सर्केगाड गाउँपालिकाको कार्यालय

सर्केगाड, हुम्ला

## १. भ्रमण पृष्ठभूमिः

स्थानीय शासनलाई प्रभावकारी, पारदर्शी, र जन उत्तरदायी बनाउनका लागि जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि अत्यन्त  छ । गाउँपालिकाका कार्यपालिका सदस्यहरू नीति निर्माण, विकास योजना, सेवा प्रवाह, र समग्र प्रशासनिक व्यवस्थापनमा संलग्न रहने भएकाले उनीहरूलाई नवीन अभ्यास र सफल विकास मोडेलहरूबारे जानकारी गराउनु अत्यन्त जरुरी हुन्छ। अध्ययन भ्रमणका क्रममा उनीहरूले अन्य स्थानीय तहहरूमा अपनाइएका उत्कृष्ट अभ्यासहरू, प्रविधिमैत्री सेवा प्रवाह, दिगो विकासका रणनीति, तथा सामुदायिक सहभागिता अभिवृद्धि गर्ने विधिहरू अवलोकन गर्न सक्नेछन्।




त्यसैले विभिन्न क्षेत्रका विज्ञहरूसँग अन्तरक्रिया गरी नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्षमतामा सुधार ल्याउन सकिन्छ । यस भ्रमणको उद्देश्य गाउँपालिकाको समग्र विकासलाई सशक्त बनाउनु, जनप्रतिनिधिहरूलाई व्यावहारिक ज्ञान प्रदान गर्नु, तथा नवीनतम प्रविधि र कार्यशैली अपनाएर प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्नु हो। अध्ययन भ्रमणबाट प्राप्त ज्ञान र अनुभवलाई गाउँपालिकाको विकासमा उपयोग गरी समुन्नत तथा आत्मनिर्भर स्थानीय शासनको परिकल्पना साकार पार्न सकिनेछ।

## २. भ्रमणको उद्देश्यः

२.१ अन्य सफल स्थानीय तहका विकास मोडेल र प्रशासनिक प्रक्रियाहरूको अवलोकन गर्ने ।

२.२ सहभागीहरूबीच ज्ञान, अनुभव र सुझावहरूको आदान-प्रदान तथा नेटवर्क विस्तार गर्ने ।

२.३ आधुनिक प्रविधि, डिजिटल प्रशासन र नविन कार्यशैलीको प्रयोग सिक्ने ।

२.४ प्राप्त अनुभव र सुझावलाई गाउँपालिकाको विकास योजनामा समावेश गर्ने ।

## ३. भ्रमण अवधिः २०८१ माघ ३० गते देखी फागुन ११ गते सम्म ।

## ४. भ्रमणको उपलब्धीः



पदाधिकारी तथा जनप्रतिनिधि अध्ययन अवलोकन भ्रमणको उपलब्धी निम्नानुसार छन्

- ❖ २०८१ माघ ३० गते सर्केगाड गाउँपालिकाको भ्रमण टोली सर्केगाड गाउँपालिकाबाट आफ्नो भूगोलको अवलोकन गर्दै अदानचुली, ताँजाकोट गाउँपालिका, बाजुरा हुँदै कालिकोट जिल्लाको शान्तिघाट बजार सम्म यात्रा गरियो ।
- ❖ २०८१ फागुन १ गते शान्तिघाटबाट कर्णाली प्रदेश राजधानी सुर्खेत सम्मको प्रादेशिक यात्राको क्रममा कर्णाली करिडोर आसपासका स्थानीय तहको विकास मोडेलको अवलोकन गरियो ।
- ❖ २०८१ साल फागुन २ गते कर्णाली प्रदेश राजधानी सुर्खेतबाट अन्तरप्रदेशको यात्रा गर्दै लुम्बिनी प्रदेशको भालुवाङमा पुगेर यात्रा विराम गरियो ।
- ❖ २०८१ फागुन ३ गते लुम्बिनी, गण्डकी, बाग्मती प्रदेशका बिभिन्न पर्यटकीय स्थलको अवलोकन गर्दै मधेस प्रदेशको लाहानमा यात्रा स्थगन गरियो ।
- ❖ २०८१ फागुन ४ गते बिहान मधेस प्रदेशको सिरहा जिल्लामा रहेको प्रसिद्ध कंकालनी माताको मन्दिरको दर्शन गरियो ।



❖ कंकालनी माताको दर्शन पश्चात नेपालको ठुलो तथा तीब्र बहाव तथा ५६ ढोका भएको कोशी नदीको ढोकाको संरचना एवं पारिस्थितिक प्रणालीको अवलोकन गरियो ।





नेपालको ठुलो कोशी नदीको अवलोकन गर्दै गरेको

❖ फागुन ४ गतेकै दिन कोशी प्रदेशको सम्पूर्ण परम्परागत, ऐतिहासिक एवं सांस्कृतिक सम्पदालाई समेटेर बनाएको प्रादेशिक संग्रहालयमा कोशी प्रदेशको प्रदेश सभा सदस्य तथा नेकपा एमालेको जागरुक युवा नेतृ श्री मीना श्रेष्ठसंग स्थानीय तहको विकासमा प्रदेशको भूमिका तथा प्रदेश र स्थानीय तहको समन्वयमा प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गरी पर्यटन पर्यटन प्रवर्द्धन कसरी गर्न सकिन्छ भन्ने विषयमा अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतबीच भेटबार्ता भयो ।



कोशी प्रदेश सांसद मीना श्रेष्ठलाई मायाको चिनो प्रदान गर्दै अध्यक्षज्यू

- प्रादेशिक संग्रहालयको भेटबार्तापछी हामी इनरुवा बजार हुँदै नेपाल तथा भारतको सीमानामा रहेको प्रसिद्ध बजार काकडभिट्टामा गएर सायङ्कालीन समीक्षा गरी विश्राम गरियो ।
- २०८१ फागुन ५ गते समुद्री सतहबाट ५८ मिटर उचाईमा रहेको कचनकवल कोशी प्रदेशको झापा जिल्लामा पर्ने कचनकवल गाउँपालिका अन्तर्गत पर्दछ । नेपालका अन्य क्षेत्रभन्दा न्यून उचाइमा रहेको कचनकवल गाउँपालिकाको भूमि समथर , उष्ण जलवायुयुक्त र कृषिका लागि उपयुक्त मानिने उक्त क्षेत्रका बासिन्दाबाट सर्केगाडमा पनि कृषिमार्फत जीवनयापनमा सुधार गर्न सकिने सिक प्राप्त गरियो ।
- यो गाउँपालिका नेपालको सुदूरपूर्व भारतको सीमानासँग जोडिएको छ। कचनकवल गाउँपालिकाको प्रशासनिक केन्द्र बनियानीमा रहेको छ । कचनकवल गाउँपालिकाका र सर्केगाड गाउँपालिकाका जनप्रतिनिधि एवं कर्मचारीबीच आ-आफ्नो गाउँपालिकामा गरेका विकास निर्माणका तथा सेवा प्रवाहमा कसरी नवीनतम प्रविधिको कसरी प्रयोग गरी अगाडि बढ्न सकिन्छ भन्ने विषयमा सर्केगाड गाउँपालिकाका जनप्रतिनिधि एवं कर्मचारी र कचनकवल गाउँपालिकाको अध्यक्ष श्री कालिन्द्र प्रसाद सिंह राजवंशी, उपाध्यक्ष श्री नवराज भट्टराई एवं अन्य जनप्रतिनिधि तथा कर्मचारीबीच सामुहिक भेटवार्ता मार्फत छलफल गरी मायाको चिनो आदान-प्रदान गरियो।


कचनकवल गाउँपालिकामा सर्केगाडका नि.प्रमुख प्रशासकीय अधिकृत ज्यू सम्बोधन गर्दै

- २०८१ साल फागुन ५ गतेका दिन हामी नेपालको कोशी प्रदेशको झापा जिल्लामा अवस्थित हल्दिबारी गाउँपालिकाको अवलोकन गर्न पुग्यौँ। समथर भूभागमा रहेको उक्त गाउँपालिका समुद्री सतहबाट करिव ७५ मिटरको उचाइमा अवस्थित रहेछ । प्रशासनिक कामकाज हल्दिबारी बजारबाट सञ्चालन हुने हल्दिबारी गाउँपलिकामा एकद्वार प्रणालीमार्फत सेवा प्रवाह गर्ने गरिएको रहेछ। यस गाउँपालिकाले अर्गानिक उत्पादन र प्रयोगलाई जोड दिँदै कृषिमा आधुनिक औजारको प्रयोग गरी आफ्नो गाउँपालिकामा उत्पादित धान, मकै, तरकारी, गहुँ तथा चियालाई स्वदेश तथा विदेशमा पठाई आय आर्जन गर्ने गरेको देखियो।
- राजबंशी, थारू, लिम्बू, राई, ब्राह्मण, क्षेत्री लगायतका जातजाती बसोबास गर्ने यस गाउँपालिकामा जातीय तथा भाषिक विविधता रहेको देख्न पाइयो। शिक्षा, स्वास्थ्य लगायतका पूर्वाधारको विकासमा लामो उचाई हासिल गरेको कुरा हल्दिबारी गाउँपालिकाका अध्यक्ष श्री रविन्द्र प्रसाद लिङ्देनले बताउनु भयो। सर्केगाड गाउँपालिकाको अध्यक्षले सर्केगाडको विकास तथा समृद्धिको कुरा गर्दा झापा जिल्लाको प्रमुख जिल्ला अधिकारी श्री गोपाल अधिकारीले दुर्गम क्षेत्रमा यसरी विकासमा फट्को मार्नु सानो सफलता नभएको कुरा बताउनु भयो।
- हल्दिबारी गाउँपालिकाको प्रशासनिक संरचना तथा सेवा प्रवाहको आधुनिकता अवलोकन गरी त्यहाँको सेवा प्रवाहको आधुनिकतालाई आफ्नो गाऊँपालिकामा अवलम्वन गर्ने आत्मबाचा गर्दै दुबै गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा झापा जिल्लाका प्रमुख जिल्ला अधिकारीबीच मायाको चिनो आदान-प्रदान गरी हामी त्यहाँबाट बिदा भयौँ।



गाउँपालिका अध्यक्ष ज्यू हल्दिबारी गाउँपालिकामा गाउँपालिका अध्यक्ष, झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय प्रमुख तथा अन्य पदाधिकारी तथा कर्मचारीलाई सम्बोधन गर्दै

- २०८१ साल फागुन ६ गते भौगोलिक दृष्टिकोणले सानो भए पनि सामाजिक, आर्थिक, र पर्यावरणीय व्यवस्थापनका क्षेत्रमा लामो फट्को मारेको सिक्किमको दिगो पर्यटनलाई प्रवर्द्धन गर्दै पर्यावरणीय सन्तुलन कायम राखेको कुरा अवलोकन गर्‍यौँ।
- त्यहाँ अत्यधिक पर्यटक आकर्षण गर्ने स्थानहरूमा सस्टेनेबल टुरिजम मोडेल लागू गरिएको रहेछ। सिक्किममा हाम्रो गाउँ, हाम्रो सम्पत्ति जस्तो सामुदायिक पर्यटन लोकप्रिय नारालाई आत्मसात गर्दै सफा र हरियाली शहर सिक्किम भारतकै पहिलो पूर्ण रूपमा जैविक कृषि प्रदेशको रूपमा स्थापित गरिएको देखियो।
- प्लास्टिकको प्रयोगमा कडाइ गरी वातावरण सफा राखेको, भौगोलिक हिसाबले नेपालसँग मिल्ने सिक्किमबाट नेपालले पनि सहरी क्षेत्रहरू सफा राख्न र जैविक खेतीलाई प्रवर्द्धन गर्न जोड दिनुपर्ने देखियो।
- सिक्किममा स्थानीय भाषा, संस्कार, र परम्पराहरू जोगाउने प्रयास प्रभावकारी छ। सिक्किममा भ्रष्टाचार कम गर्न पारदर्शी प्रशासनिक नीति अपनाइएको छ। सिक्किमको सडक पूर्वाधार राम्रो छ र ग्रामीण क्षेत्रमा समेत राम्रो यातायात सेवा उपलब्ध छ। सिक्किममा गुणस्तरीय शिक्षालाई प्राथमिकता दिइएको छ, विशेष गरी विज्ञान र प्रविधिमा। जहाँबाट हामीले हरेक कुरा अनुकरण गर्नुपर्ने देखियो।


सिक्किमको सुन्दरताको आनन्द लिनका लागि तयार भएका सर्केगाडका जनप्रतिनिधिहरू,

- काकडभिट्टा नेपालबाट करिब १३९ कि.मि. पूर्वोत्तर क्षेत्रमा रहेको हिमाली क्षेत्रको हरियाली, स्वच्छ तथा प्राकृतिक सुन्दरताले भरिपूर्ण शहर Gangtok सिक्किमको राजधानी हो । जुन भारतको पूर्वोत्तर क्षेत्रमा अवस्थित छ । यो शहर हिमालय पर्वतमालाको काखमा रहेकोले यहाँको प्राकृतिक सौन्दर्य, बौद्ध मठहरू र सांस्कृतिक विविधता निकै चर्चित तथा पर्यटकको प्रमुख गन्तव्य बनेको पाइयो ।
- एमजी मार्ग (MG Marg) गांगटोकको सबैभन्दा चर्चित बजार तथा घुम्ने ठाउँ हो । यो ठाउँ पैदलयात्राका लागि बनाइएको छ, जहाँ गाडीहरूलाई प्रवेश गर्न दिइँदैन रहेछ । स्वच्छ र हरियाली वातावरण भएको यो ठाउँ गांगटोकको मुटु मानिन्छ । अन्य बजारभन्दा सस्तो तथा अर्गानिक सामान पाइने यस बजारमा नेपाली, तिब्बती, सिक्किमी हस्तकला, पोशाक, गहना र स्मरणीय उपहारहरू किन्न पाइन्छ । मोमो, थुक्पा, फाफ्रा, सिक्किमी चिया र अन्य परिकारहरूको स्वाद आस्वादन गर्न यहाँ जनसागर ओर्लेको हुने रहेछ ।
- यहाँका क्याफेहरूमा थकाइ मार्दै कफी, बेकरी, वा लोकल ड्रिंक्स मज्जाले आनन्द लिन सकिन्छ । कुनै पनि हर्न बजाउन नपाइने MG marga मा शान्तिपूर्ण वातावरणमा घुमफिर गर्न सकिन्छ । रातको झिलिमिली बत्तीहरूले झलमल पार्ने एमजी मार्गको वातावरणले Ganngtok लाई स्वर्ग समान बनाउने रहेछ ।



Gangtok मुटु MG मार्गको तस्वीर

- Tashi View Point gangtok को एक प्रसिद्ध दृश्यावलोकन स्थल हो, जहाँबाट हिमालय पर्वत श्रृंखलाको सुन्दर दृश्य अवलोकन गर्न सकिन्छ। यो gangtok बाट करिब ८ किलोमिटर टाढा, मुख्य सहरको उत्तरतर्फ अवस्थित छ। यहाँबाट मौसम सफा भएको समयमा कञ्चनजङ्घा माउन्ट रेन्ज सहित हिमाली श्रृंखलाहरूको अद्भुत दृश्य देख्न सकिने रहेछ।
- सूर्योदयको मनमोहक दृष्यले बिहान सबेरै घाम झुल्किने समयमा यो ठाउँ अझै सुन्दर देखिन्छ। सिक्किमका प्रसिद्ध बौद्ध मठहरूको नजिकबाटको दृष्यलाई यहाँबाट हेरेपछी फितलो बनाइदिन्छ। सिक्किमी परम्परागत पोसाक लगाएर कता कता आफू पनि सिक्किमी भएको महसुस गरी यहाँका अर्गानिक सामग्री किन्ने अवसर पनि प्राप्त भयो।




- Ganesh Tok गांगटोकको एक प्रसिद्ध धार्मिक तथा दृश्यावलोकन स्थल हो। यो सानो तर आकर्षक मन्दिर हो, जुन गांगटोक शहरबाट करिब ७ किलोमिटर टाढा अवस्थित छ। यहाँबाट गांगटोक शहर, हरियाली वन, र कञ्चनजङ्घा हिमालको सुन्दर दृश्य अवलोकन गरियो।
- हिन्दू धर्मावलम्बीहरूको लागि विघ्नबाधा हरणकर्ता गजानन भगवानको निकेतन भएकाले एक महत्वपूर्ण धार्मिक स्थल हो। यहाँबाट गांगटोक शहर, आसपासका हरियाली पहाडहरू र हिमालय पर्वतको मनमोहक दृश्य देख्न सकिने तथा शान्त वातावरणले सकारात्मक ऊर्जा दिने भएकाले ध्यान र आत्मशान्तिका लागि उपयुक्त छ। रंगीचंगी प्रार्थना झण्डाहरूले सजिएको यो स्थान फोटो खिच्नका लागि पनि एकदम राम्रो छ जसले हामीहरूलाई पुनरागमनको निम्तो दिए झैँ लाग्यो।




- Banjhakri Waterfall गांगटोकको एक लोकप्रिय पर्यटकीय स्थल हो, जुन गांगटोक शहरबाट करिब ७ किलोमिटर टाढा अवस्थित छ । यो झरना करिब ७० फिट अग्लो छ र वरपर हरियाली जंगल तथा सुन्दर बगैंचाले घेरिएको छ । हरियाली जंगलको बीचबाट खस्ने यो झरना निकै मनमोहक देखिन्छ । झरनाको पानी बलियो वेगमा खस्ने भएकाले यसको आवाज र दृश्य निकै रोमाञ्चक लाग्छ । झरना वरपर "बनझाक्री" (शक्तिशाली झाँक्री) संस्कृति झल्काउने मूर्तिहरू र सजावट छन् जसले परम्परागत शैलीमा बिरामीको उपचार गरिरहेका छन् । परिवार र साथीहरूसँग रमाइलो गर्ने राम्रो स्थान रहेकोले कतिपय व्यक्तिलाई परिवारसँग नगएको पछुतोको महसुस गराउने शक्ती मनोहर पिकनिक पार्क Banjhakri Waterfall मा रहेको देखियो ।
- बनझाँक्री झरनामा डुंगा सवारी, ब्रिज क्रसिङ, र अन्य साहसिक तथा रमाइला गतिविधिहरू उपलब्ध गराउने भएकोले पर्यटकलाई आनन्दित बनाएको दृश्य देख्न पाइयो ।



बनझाक्री Waerfall का साथमा सर्केगाड गाउँपालिकाका कर्मचारीहरू

- सिक्किम बौद्ध मठहरूका लागि प्रसिद्ध छ। यहाँ धेरै ऐतिहासिक तथा सांस्कृतिक रूपमा महत्त्वपूर्ण बौद्ध मठहरू छन्, जसले सिक्किमलाई एक धार्मिक तथा पर्यटन गन्तव्य बनाएको छ।
- बौद्धमठहरू मध्ये धर्मचक्र केन्द्रको रुपमा प्रख्यात रुमटेक गुम्बा सिक्किमकै सबैभन्दा ठूलो र प्रसिद्ध गुम्बा हो।
- यो Gangtok बाट करिब २४ किलोमिटर टाढा अवस्थित छ। यो कर्म काग्यु सम्प्रदायको मुख्य केन्द्र हो र तिब्बती बौद्ध धर्मको एउटा प्रमुख स्थल मानिने परम्परागत आस्थाका बारेमा उक्त गुम्बामा गएर जानकार बन्ने अवसर हामीले पनि प्राप्त गर्‍यौँ।
- सिक्किम सानो भए पनि त्यसको हरित विकास, स्वच्छता, पर्यटन व्यवस्थापन, र सुशासन नेपालका लागि उदाहरणीय छन्। यी क्षेत्रहरूमा सिक्किमको अनुभवलाई नेपालले अपनाएमा विकासको गतिलाई तीव्र बनाउन

सक्छ । नेपालले पनि आफ्नो ग्रामीण क्षेत्रको यातायात व्यवस्थापन सुधार गर्दै पूर्वाधार विकासलाई प्राथमिकता दिदै विविध भाषा तथा संस्कृतिहरू जोगाउन प्रभावकारी नीति ल्याउनुका साथै डिजिटल प्रशासन, इ-गभर्नेन्स, र स्थानीय सरकारको सशक्तीकरणबाट देशको मुहार फेर्न सकिन्छ  भन्ने कुराको सिक सिक्किमको अवलोकनबाट प्राप्त भयो ।



सिक्किमको बौद्ध गुम्बाको अवलोकन पश्चात कैद गरिएको तस्वीर

- २०८१ साल फागुन ७ गतेका दिन हामीहरू सिक्किमबाट सिक्किमका दक्षिणी जिल्लाहरूको अवलोकन गर्दै हामी हाम्रा पूर्खाको पूर्वी सीमाना टिस्टा नदीको आसपास पुग्यौँ । जहाँ बीर गोर्खालीको बिरगाथा टिस्टा नदीले अनवरत रूपमा मुग्धकण्ठले गाइरहेको कल्पना गर्यौँ ।
- टिस्टा नदीले आफ्नै स्वरमा भनिरहेको थियो, "तिमीहरू गोर्खालीको सन्तान हो भने मलाई आजसम्म किन आफूसँग अँगाल्न नसकेको, तिमीहरूलाई धिक्कार छ ।"

- त्यहाँका बासिन्दाहरूसँग परिचय गर्दा मेरो घर नेपालको फलानो जिल्ला हो भन्दा आफ्नै नेपाली दाजु भाईलाई बिदेशमै जोडेर आएको पीडा मनमा दबिएकै थियो । जे जस्तो भए पनि हामीलाई देशको सीमानाले छुट्याए पनि रगत तथा बीरताको नाताले जोडेको छ भन्दै हामी त्यहाँबाट प्रस्थान भयौँ।



नेपालीको वीरताको गाथा गाइरहने टिस्टा नदी किनारमा हामी सर्केगाडको अध्ययन अवलोकन टोली

- सिक्किमको नामचीमा अवस्थित सिद्धेश्वर धाम (सामान्यतः "चारधाम" वा "सोलोफोक चारधाम" भनेर चिनिन्छ) एक प्रमुख धार्मिक तथा सांस्कृतिक स्थल हो । यो धाम सोलोफोक डाँडामा स्थित छ, जुन नामची शहरबाट करिब ५ किलोमिटर टाढा पर्छ । यसको निर्माण सन् २०११ मा सिक्किम सरकारद्वारा धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले गरिएको थियो कुरा तिलक बस्नेत सरबाट जानकार भइयो । चारधाममा प्रवेशको लागि प्रतिव्यक्ति भारतीय ५० रुपियाँ प्रवेश शुल्क निर्धारण गरिएको रहेछ । सो दस्तुर तिरी हामी चारधाममा प्रवेश गयौँ।

- १०८ फिट अग्लो भगवान शिवको विशाल मूर्ति परिसरको केन्द्रमा छ र टाढाबाटै देखिन्छ । जसले चारधामको सोभा अझै बढाएको पाइयो ।
- भारतका चार प्रमुख धाम — बद्रीनाथ, द्वारका, पुरी (जगन्नाथ), र रामेश्वरम — का नक्कली मन्दिरहरू यहाँ बनाइएका छन्, जसले गर्दा भक्तजनले एउटै स्थानमै चारधामको दर्शन गर्न सक्ने कुरा मन्दिर व्यवस्थापन समितिद्वारा जानकारी प्राप्त गरियो । भारतका चारधाममा भक्तजनहरूलाई पुग्न कठिन हुने भएकोले सिक्किमको सोफोलोक डाँडामा सिक्किम सरकारबाट यसको स्थापना भएको पाइयो ।
- शिवजीका १२ पवित्र ज्योतिर्लिङ्गहरू यहाँ अवलोकन गर्न सकिन्छ । जुन ज्योतिर्लिङ्गहरू भारतका १२ बिभिन्न धार्मिक स्थानहरूमा रहेका छन् ती सबै ज्योतिर्लिङ्गहरू चारधाममा अवलोकन गर्न सकिन्छ ।
- शिर्डी साईबाबाको मन्दिर भक्तजनका लागि अर्को आकर्षणको केन्द्र हो । हामीहरू तिलक सरको पहलमा मन्दिरको विज्ञ पुजारीलाई साथमा लिएर चारधाममा रहेका हरेक मन्दिर तथा मूर्तिका बारेमा बुझ्दै मन्दिरमा दान दक्षिणा चढाउँदै मनोऽकाङ्क्षित वर माग्दै हामी अघि बढ्यौँ ।
- यो स्थान हिमालयन पहाड र हरियालीले भरिएको अत्यन्त सुन्दर छ, जसले मनलाई शान्ति प्रदान गर्छ ।

चारधामको दर्शन गरिसकेपछी मन्दिर व्यवस्थापक तथा पुजारीसँग सर्केगाड गाउँपालिकाका जनप्रतिनिधिहरू



- तारे भीर (Tarey Bhir) सिक्किमको दक्षिण भागमा रहेको एक अद्भुत प्राकृतिक चट्टान हो, जुन नाम्ची नजिकैको सादाम गाउँमा अवस्थित छ । यो स्थान साहसिक यात्राका प्रेमीहरूका लागि विशेष आकर्षण हो, जहाँबाट हिमालयका सुन्दर दृश्यहरू अवलोकन गर्न सकिन्छ ।
- यहाँ करिब ३ किलोमिटर लामो चट्टानको दायाँपट्टि करिब ३,५०० फिट गहिरो खाडल रहेको छ । पैदलमार्ग: चट्टानको किनारमा बनाइएको सुरक्षित पदमार्ग, जसले ग्रेट वाल अफ चाइनाको झल्को दिन्छ ।
- यहाँबाट कालिम्पोङ, दार्जिलिङ, टिस्टा र रङ्गीत नदीहरूको संगम, र आसपासका हरियाली पहाडहरूको मनोरम दृश्य देख्न सकिन्छ । जसले पर्यटकको मनमा पुनरागमनको सोचलाई जाग्रत बनाइदिन्छ ।
- २०८१ साल फागुन ७ गते नै हामीहरू तारे भीरको अवलोकन पछि मल्लिडाडा पैयोङ ग्राम पञ्चायतमा गयौँ । मल्लिडारा ग्राम पञ्चायत (Mellidara Gram Panchayat) सिक्किमको दक्षिण भागमा, नाम्ची जिल्लामा अवस्थित एक महत्वपूर्ण ग्राम पञ्चायत हो ।
- यो पञ्चायत २६-मल्लिडाडा पायोङ ग्राम पञ्चायत युनिट (GPU) अन्तर्गत पर्छ, जसले स्थानीय प्रशासन, विकास, र डिजिटल सेवाहरूमा उल्लेखनीय प्रगति गरेको बारेमा स्थानीय बासिन्दा तिलक बस्नेत सरबाट जानकारी पाइयो ।
- मल्लिडाडा ग्राम पैयोङ ग्राम पञ्चायतमा प्रवेश गर्ने बित्तिकै त्यहाँका पञ्चायत उपसभापतीको टोलीबाट हाम्रो सर्केगाड गाउँपालिकाको टोलीले पाएको न्यानो आतिथ्यता सधै भरीको लागि अविस्मरणीय रहनेछ ।
- राजधानी गान्तोकबाट करिब ७५ किलोमिटर  दक्षिणमा रहेको मल्लिडारा ग्राम पञ्चायत निकटतम शहर: मेलीबाट करिब ११ किलोमिटर दक्षिणमा रहेको रहेछ ।
- मल्लिडाडा पैयोङ GPU लाई भारतको पहिलो "साइबर गाउँ" को रूपमा चिनिन्छ । ग्रामस्तरमा डिजिटल सेवा प्रवाहलाई सुदृढ बनाएको यस पञ्चायतमा ई-गभर्नेन्स र डिजिटल पहलहरू सुचारु गरी प्रत्येक वडाका पञ्चायत सदस्यहरूलाई ह्याण्डहेल्ड उपकरणहरू प्रदान गरिएको छ, जसबाट गाउँलेहरूको डिजिटल प्रोफाइल तयार पारिने कुरा प्रत्यक्ष रूपमा देखियो ।
- गाउँलेहरूले सरकारी सेवाहरूको जानकारी SMS मार्फत प्राप्त गर्ने तथा मासिक रूपमा प्रकाशित हुने समाचारपत्रमार्फत स्थानीय गतिविधिहरूको जानकारी पाउने गरेको देखियो ।
- मल्लीडाडा ग्राम पञ्चायतमा अनुभव आदान-प्रदान गर्ने क्रममा पञ्चायत सभापती प्रिस्किला लिम्बू, उपसभापती, भूतपूर्व पञ्चायत सभापती धन बहादुर प्रधान तथा एस.के.एम. पार्टी उपसभापती तिलक बस्नेत लगायत समग्र पञ्चायत परिवारले सर्केगाडको टिमलाई स्वागत सम्मान गरी दुर्गम क्षेत्रमा पनि कटीबद्ध भई विकास गर्न तम्सिएको भन्दै मुग्धकण्ठले प्रशंसा गरे ।
- सर्केगाडका गाउँपालिका अध्यक्षले पनि सिक्किममा भौगोलिक विकटताका बावजुत  एस.के.एम. पार्टीले शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रमा अकल्पनीय विकास गरेको कुरा गर्दै प्रशंसा गर्नुभयो ।

➢ साथै कार्यक्रम सञ्चालक नगेन्द्र बस्नेतले उक्त पञ्चायतले अवलम्वन गरेका डिजिटल विकासका मोडेलका बारेमा विस्तृत जानकारी गराउनु भयो ।






मल्लीडाडा ग्राम पञ्चायतका सभापती लगायतको टोलीसँग सर्केगाड गाउँपालिकाको अध्ययन भ्रमण टोली

➢ २०८१ साल फागुन ०८ गते हामी भारतको पश्चिम बंगाल राज्यमा अवस्थित एक प्रसिद्ध पहाडी पर्यटकीय गन्तव्य "पहाडकी रानी" (Queen of the Hills) पनि भनिने स्थान दार्जिलिङका विभिन्न रमणीय स्थलहरू जसले पर्यटकहरूलाई प्राकृतिक सुन्दरता, इतिहास, संस्कृति, तथा रोमाञ्चक गतिविधिहरू प्रदान गर्छन् ती स्थानको अवलोकन गर्न पुग्यौँ।

➢ दार्जिलिङमा सनराइज (सूर्योदय) हेर्न सबभन्दा प्रसिद्ध ठाउँ टाइगर हिल (Tiger Hill) हो । टाइगर हिलबाट (सनराइज) करिव 2,590 मिटर (8,500 फिट) उचाइमा रहेको छ । दार्जिलिङ बजारबाट करिब 11 किलोमिटर टाढा रहेको यस स्थानबाट बिहान सूर्योदयको समयमा कञ्चनजङ्घा हिमाल सुनौलो रंगमा चम्किएको देख्न सकिन्छ । मौसम सफा भएमा माउन्ट एवरेस्ट, ल्होत्से, मकालु हिमालहरू पनि देख्न सकिन्छ । कालो पहाडको रुपमा रही मानिसको मनलाई भयभीत एवं आनन्दित बनाउने कुहिरोले सनराइजको समयमा बाटो छोडेर ज्ञानप्रद भगवान सूर्य नारायणलाई स्वागत गरेको दृष्यले सजीव प्राणीमा अलौकिक ऊर्जा भरिएको अनुभूति गराउँछ भन्ने किताबमा पढेको कुरा आँखा अगाडी नै देख्न पाइयो ।



बतासे लुपको दृश्य दार्जिलिङ

- बतासे लुप (Batasia Loop) दार्जिलिङको एक प्रसिद्ध पर्यटकीय स्थल हो, जहाँ दार्जिलिङ हिमालयन रेलवे (टय टेन) को ट्र्याकले सुन्दर घुम्ती बनाएको छ। यो घुम्तीले रेललाई तीव्र उकालो चढ्न सजिलो बनाउँछ। यहाँबाट कञ्चनजङ्घा हिमालको मनोरम दृश्य देखियो।
- यस क्षेत्रमा सुन्दर बगैंचा र गोर्खा सैनिकहरूको सम्मानमा निर्मित युद्ध स्मारक पनि अवस्थित छ। बतासे लुप दार्जिलिङ बजारबाट करिब ५ किलोमिटर टाढा, घुम क्षेत्रको नजिक अवस्थित रहेछ। यहाँ पुग्नका लागि निजी सवारी साधन वा ट्रेनको यात्रा गर्न सकिने रहेछ।
- टय टेनको यात्रा विशेष गरी पर्यटकहरू माझ लोकप्रिय छ, जसले बतासे लुप हुँदै दार्जिलिङको सुन्दरता अवलोकन गर्न सकिन्छ। बतासे लुपको भ्रमण गर्दा, दार्जिलिङको प्राकृतिक सुन्दरता, सांस्कृतिक सम्पदा र ऐतिहासिक महत्वको अनुभव लिन सकिन्छ। हिमाली क्षेत्रमा रेल चलेको हेरेर मनले कता कता पत्याउन खोज्दैन तर विकसित पर्यटकीय स्थल दार्जिलिङको यो रोचक तथ्य पनि हो।
- दार्जिलिङ विश्व प्रसिद्ध चिया उत्पादन क्षेत्र हो। त्यहाँका चिया बगानहरु हरियाले भरिएका छन्। र केही बगानहरूमा चिया प्रशोधन प्रक्रिया गर्न समेत सकिन्छ। यहउँका चिया बगानहरूको भ्रमण गर्दा प्राकृतिक सुन्दरता, सांस्कृतिक सम्पदा र चिया उत्पादन प्रक्रियाको अद्भूत अनुभव लिन सकिन्छ। यहाँको सुन्दरताले र हिमालको मनमोहक दृश्यले पर्यटकलाई पुनरागमनको निम्तो दिइरहेको अनुभूतिले यात्रालाई स्मरणीय बनाउँछ।

➢ फागुन ८ गतेकै दिन हामी नेपालकै सबैभन्दा प्रसिद्ध चिया उत्पादन क्षेत्र इलामको कन्याममा आइपपुग्यौँ। त्यहाँका हरियाली चियाबारीहरूले इलामलाई "नेपालको चियाको राजधानी" बनाएको छ। इलामका विभिन्न ठाउँहरूमा फैलिएका चियाबारीहरूले पर्यटकहरूलाई स्वच्छ हावापानी, सुन्दर हरियाली, र चियाको बास्नाले भरिएको वातावरण प्रदान गर्छन्।

इलामका प्रसिद्ध चियाबारीहरू

- इलाम बजार नजिकै रहेको यो चियाबारी केन्या घोप्टे चिया बगान हो जुन सुन्दर दृश्यका लागि प्रसिद्ध छ।
- पुरानो र ऐतिहासिक चियाबारीमध्ये एक सिद्धीबास चिया बगान हो, जहाँ जैविक चिया उत्पादन गरिन्छ।
- फिक्कल इलामको मुख्य चिया व्यापारिक केन्द्र हो, जहाँ पर्यटकहरू चियाबारीको रमाइलो अनुभव लिन आउँछन्। यहाँको चियाको बगानलाई फिक्कल चियाबारी भनेर चिनिन्छ।
- जैविक चिया उत्पादन गर्ने अर्को महत्वपूर्ण क्षेत्रलाई कोल्बुङ चियाबारीको रुपमा चिनिन्छ।
- धार्मिक तथा पर्यटकीय स्थल माइपोखरी जाने बाटोमा पर्ने चियाबारीहरू पर्यटकहरूका लागि आकर्षणको केन्द्र हुन्। जहाँ पर्यटकलाई धार्मिक आस्थाका साथै कर्मनिष्ठ बनाउन सहयोग पुर्याउँछ।

इलामको चियाको विशेषता

- हरियो चिया (Green Tea) – स्वास्थ्यका लागि लाभदायक।
- कालो चिया (Black Tea) – परम्परागत रूपमा प्रख्यात।
- ओलङ चिया (Oolong Tea) – मध्यवर्ती स्वादको चिया।
- ह्वाइट चिया (White Tea) – महँगो र विशेष प्रकारको चिया।

➢ इलामका चियाबारीहरूमा स्थानीय किसानहरू संगठित रूपमा चिया खेती गर्छन्। यहाँको चिया नेपालभित्र मात्र नभई अन्तर्राष्ट्रिय बजारमा समेत निर्यात गरिन्छ, विशेष गरी जापान, अमेरिका, युरोप, र भारतमा। यहाँको चिया खेतीलाई सरकारी निकायबाट सहयोग गरी विश्व बजारमा प्रतिष्पर्धा गर्न सक्ने बनाउन अत्यन्त जरूरी देखिन्छ।

➢ कन्याम इलामको एउटा प्रसिद्ध पर्यटकीय गन्तव्य हो, जुन हरियाली चियाबारीहरूका कारण चर्चित छ। यो स्थान इलाम बजारबाट करिब १४ किमि दक्षिणमा, फिक्कल नजिकै अवस्थित छ। कन्यामका सुन्दर चियाबारीहरू र सफा वातावरणले यसलाई नेपालकै उत्कृष्ट चिया पर्यटन क्षेत्रमध्ये एक बनाएको छ।

➢ हरियाली चियाबारीहरू विशाल चिया बगान पर्यटकहरूका लागि मुख्य आकर्षण हो। कन्याममा पर्यटकहरूका लागि घोडचडी गर्ने व्यवस्था छ, जसले चियाबारीको सौन्दर्य अझ रमाइलो बनाउँछ। कन्यामको सुन्दर दृश्यहरूको कारणले विवाहको प्रि-वेडिङ फोटोशुट, फिल्म सुटिङ, र टिकटक/भ्लगिङका लागि यो लोकप्रिय गन्तव्य हो।

- शान्त वातावरण, शुद्ध हावापानी र हरियालीले आगन्तुकहरूलाई तनावमुक्त अनुभव प्रदान गर्छ। आन्तरिक तथा बाह्य पर्यटकहरूका रुपमा नेपालका विभिन्न ठाउँबाट मात्र नभई भारतको पश्चिम बंगाल, सिक्किम, र अन्य ठाउँबाट पनि धेरै पर्यटकहरू कन्याम घुम्न आउँछन् जसले पर्यटन व्यवसायलाई मजबुत तुल्याएको छ।
- अक्टोबरदेखि अप्रिलसम्मको समयमा यहाँको मौसम सफा रहन्छ, चियाबारीहरू हरियाली हुन्छन्, र अलौकिक दृश्यावलोकन गर्न उपयुक्त हुन्छ। बिहान र साँझको समयमा सुर्योदय र सूर्यास्तका बेलामा  कन्यामको दृश्य झनै आकर्षक देखिन्छ।




- २०८१ साल फागुन ०९ गते हामी नेपालको कोशी प्रदेश अन्तर्गत झापा जिल्लामा अवस्थित एक ग्रामीण स्थानीय तह गौरीगञ्ज गाउँपालिकामा पुग्यौँ। यस गाउँपालिकाको स्थापना २०७३ सालमा भएको हो। १०१.३५ वर्ग कि.मि.मा फैलिएको यस स्थानीय तहको जनसंख्या करिव ४० हजार रहेको छ। मुख्यालय: गौरीगञ्जमा रहेको भौगोलिक यस गाउँपालिकाको अवस्थिति गौरीगञ्ज झापा जिल्लाको दक्षिण-पश्चिम कुनामा अवस्थित छ।
- यो समथर कृषि भूमिमा रहेको छ र भारतको बिहार राज्यसँग सीमा जोडिएको छ। गौरीगञ्जको मुख्य पेशा कृषि हो। त्यहाँ धान, गहुँ, मकै, तरकारी तथा फलफूल उत्पादनबाट लाभान्वित भएको देख्न सकिन्छ। नेपाली, राजवंशी, सुरजापुरी, हिन्दी लगायतका भाषाहरू बोलिन्छन् भने विभिन्न जातजाति र समुदायहरूको मिश्रणले गर्दा यहाँ विविध सांस्कृतिक परम्पराहरूको झलक देख्न पाइन्छ।

- गौरीगञ्ज गाउँपालिका झापा जिल्लाको दक्षिण-पश्चिम भागमा रहेको छ। यहाँको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता यस क्षेत्रलाई विशिष्ट बनाउँछ। समथर भूभागमा रहेको गाउँपालिका भारतको बिहार राज्यसँग सीमा जोडिएको (सिमावर्ती क्षेत्र)मा रहेको छ।
- उष्ण तथा समशीतोष्ण जलवायु पाइने तथा खेतीयोग्य उर्वर भूमि प्रशस्त भएकोले कृषि नै मुख्य आर्थिक स्रोत (धान, गहुँ, मकै, आलु, तेलहन, दलहन) हो। पशुपालन र दुग्ध व्यवसाय व्यापक रुपमा गरिन्छ। भारतसँगको खुला सिमाना व्यापारको लागि लाभदायक रहेको कुरा स्थानीय जनताहरू बताउँछन्। लघु उद्यम तथा घरेलु उद्योगहरू (हस्तकला, मौरीपालन, माछापालन) बाट पनि जीविकोपार्जन गरिरहेका छन्।
- गौरीगञ्ज गाउँपालिकाको अवलोकन पछी हामी त्यहाँबाट पश्चिमको यात्रा तय गर्दै विराटनगरमा खाना खाएर कोशी व्यारेजमा कोशी नदीले पुनरागमनको निम्तो दिएकोले कोशी नदीको आसपासमा रहेको पारिस्थितिक प्रणालीको अवलोकन गर्यौँ।



कोशी व्यारेजमा रहेका पारिस्थितिक प्रणालीको अवलोकन गरिसकेपछीको दृश्य

- कोशीको अवलोकन पश्चात हामी गाडी चढेर सिधै जनकपुरधामको जानकी मन्दिरको अवलोकन गर्न गइयो। राम जानकीको विवाह भएको जानकी मन्दिर विदेहराज जनकद्वारा शासित राज्य हो।
- रामको विवाह मण्डप तथा बिभिन्न देवी देवताको मन्दिरहरूको अवलोकन तथा दर्शन गरी हामी समय अभावका कारण त्यहाँबाट बाहिरिएर सायङ्कालमा हेटौँडामा विश्राम गर्यौँ।



सायङ्कालमा राम जानकी मन।दिरको दर्शन पछी मन्दिरको परिसरमा सर्केगाडका कर्मचारी तथा जनप्रतिनिधि

- २०८१ साल फागुन १० गते बिहानै हामी हेटौँडाबाट अघि बढी २ बजे नेपालको प्रमुख पर्यटकको गन्तव्य लुम्बिनी पुग्यौँ। लुम्बिनी नेपालको रुपन्देही जिल्लामा अवस्थित एक ऐतिहासिक तथा धार्मिक स्थल हो, जुन गौतम बुद्धको जन्मस्थलको रूपमा विश्वप्रसिद्ध छ। यस स्थानलाई युनेस्कोले विश्व सम्पदा सूचीमा पनि सूचीकृत गरेको छ।
- मायादेवी मन्दिर: बुद्धकी आमा मायादेवीलाई समर्पित मन्दिर हो, जहाँ बुद्ध जन्मिएको पवित्र स्थल अवस्थित छ। यहाँ अवलोकन गर्ने मानिसको अत्यन्त भीड हुने भएको लाइनमा बसेर बुद्ध भगवानको दर्शन गर्ने गरेको पाइयो।
- अशोक स्तम्भ: भारतीय मौर्य सम्राट अशोकले ई.पू. ३ औं शताब्दीमा निर्माण गराएका स्तम्भलाई नै सम्राट अशोकको नामबाट चिनिने गरेको पाइन्छ। जसमा बुद्धको जन्मस्थान भनेर अभिलेख गरिएको स्पस्ट पाली भाषामा लेखिएको देख्न सकिन्छ।
- पवित्र पोखरी (पुष्करणी): माता मायादेवीले बुद्धलाई जनम दिएपछी बुद्धलाई पहिलो पटक स्नान गराइएको पोखरीलाई नै पुस्करिणीको नामबाट चिन्ने गरेको पाइयो।

- विविध देशहरूले निर्माण गरेका स्तूप र गुम्बाहरू: थाइल्याण्ड, जापान, म्यानमार, जर्मनी, चीन लगायत देशहरूबाट बनाइएका आकर्षक बौद्ध संरचनाहरूले लुम्बिनीको सौन्दर्यतालाई अझै अलौकिक बनाएको छ।
- लुम्बिनी अवलोकन गर्न डुङ्गा चढेर लुम्बिनी मायादेवी मन्दिरमा प्रवेश गर्न लाग्ने शुल्क तिरी मायादेवी मन्दिरमा परिसर अवलोकन गर्न सकिने रहेछ।
- मायादेवी मन्दिरको अवलोकन पश्चात हामी समय अभावको कारण नेपालगञ्ज आएर विश्राम गर्यौं।
- २०८१ साल फागुन ११ गतेको दिन हामी १० बजेतीर सुर्खेतको लागि गाडीको यात्रा तय गर्दै रमाउँदै ३ बजे हामी सुर्खेत पुग्यौं। सुर्खेतमा १,२ दिन विश्राम गरी १४ गते महाशिवरात्रीको अवसरमा सर्केगाड जाने निर्णय गरी हामी त्यहाँबाट होटेलमा विश्रामको लागि गयौं।

१. कार्यक्रमको वास्तविक खर्च विवरणः

| क्र.सं. | विवरण | जम्मा रकम |
|---|---|---|
| १. | मसलन्द तथा स्टेशनरी सामग्री | १,३५,५५७।- |
| २. | खाना तथा नास्ता | ५,५१,६२२।- |
| ३. | काकडिट्टा देखि सिक्किम, दार्जिलिङ टुर प्याकेज | ३,३९,०००।- |
| ४. | यातायात खर्च | ४,६४,०००।- |
| ५. | अन्य खर्च | ९,९३०।- |

२. अपेक्षित लाभः

- व्यावहारिक ज्ञान: सफल विकास र प्रशासनिक प्रक्रियाहरूको प्रत्यक्ष अवलोकनबाट प्राप्त अनुभव।
- सुझावहरूको आदान-प्रदान: सहभागीहरूले सिकेका नवीनतम उपाय र रणनीतिहरू गाउँपालिकामा लागू गर्न सकिने।
- नेटवर्क विकास: विभिन्न स्थानीय तह र विशेषज्ञहरूबीच सञ्जाल विस्तार तथा सहकार्यको भावना बलियो बनाउने।
- दिगो विकास: प्राप्त ज्ञानका आधारमा गाउँपालिकाको दीर्घकालीन विकास योजनामा सुधार ल्याउने।
- व्यवस्थापन संरचना कार्यसमिति: गाउँपालिकाका वरिष्ठ अधिकारी, नीति निर्माता र क्षेत्रीय विशेषज्ञहरू समावेश गरी समितिको गठन।
- पूर्व तयारी: आवश्यक बुकिङ, स्थान चयन, र कार्यक्रमको तालिका तयार गर्न सम्बन्धित विभागहरूसँग सहकार्य।
- अनुगमन: बजेट र क्रियाकलापको नियमित अनुगमन तथा प्रतिवेदन तयार गर्ने व्यवस्था।

- नमुना स्थानीय तहमा अपनाइएका सफल नीतिहरू, कार्यक्रम, र परियोजनाहरूको प्रत्यक्ष अवलोकन गर्न पाइन्छ जसको अनुसरण आफ्नो स्थानीय तहमा गरी विकास गर्न  सकिन्छ ।कासका लागि उपयोग भएका नवीनतम प्रविधि र विधिहरू सिक्न सकिन्छ ।

३. नीति निर्माणमा सहयोग

- अवलोकन तथा अध्ययनका आधारमा आफ्नो स्थानीय तहमा लागू गर्न सकिने प्रभावकारी नीति तथा कार्यक्रमहरू विकास गर्न मद्दत पुग्छ ।
- अन्य स्थानीय तहहरूले सामना गरेका चुनौतीहरू र समाधानका उपायहरू बुझ्न सकिन्छ ।

४. सेवा प्रवाहमा सुधार

- स्थानीय तहको जनसेवा प्रवाह कसरी प्रभावकारी बनाउने भन्ने ज्ञान प्राप्त हुन्छ ।
- डिजिटल प्रणाली, पारदर्शिता, र नागरिक सहभागिता कसरी बढाउने भन्ने बुझ्न    सकिन्छ ।

५. . विकास परियोजनाको प्रभावकारिता

- भौतिक पूर्वाधार, सामाजिक विकास, र वातावरणीय व्यवस्थापनका परियोजनाहरूको प्रभावकारिता बुझ्न मद्दत मिल्छ ।
- स्रोत व्यवस्थापन र बजेटको प्रभावकारी उपयोग बारे जानकारी प्राप्त गर्न सकिन्छ ।

६. नेतृत्व क्षमता विकास

- जनप्रतिनिधि, कर्मचारी, तथा सरोकारवालाहरूको सीप तथा ज्ञान अभिवृद्धि हुन्छ ।
- सहकार्य, समन्वय, र साझेदारी कसरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने भन्ने सिक्न पाइन्छ ।

७. नागरिक सहभागिता र पारदर्शिता प्रवर्द्धन

- स्थानीय तहमा नागरिक सहभागिताको प्रभावकारी मोडेल अध्ययन गर्न सकिन्छ ।
- पारदर्शिता र जवाफदेहितालाई बढावा दिने उपायहरूबारे जानकारी प्राप्त गर्न सकिन्छ।

८. पर्यटन र आर्थिक सम्भावनाहरूको पहिचान

- नमुना स्थानीय तहमा रहेका विशेष पर्यटन, कृषि, वा उद्यमशीलतासँग सम्बन्धित अवसरहरू बुझ्न सकिन्छ ।
- आर्थिक गतिविधि कसरी प्रवर्द्धन गर्ने भन्नेबारे नयाँ दृष्टिकोण प्राप्त गर्न सकिन्छ ।

९. निष्कर्षः

अध्ययन भ्रमण कार्यक्रमले सहभागीहरूलाई आधुनिक प्रशासनिक र विकासका विधिहरूको प्रत्यक्ष अनुभव प्रदान गर्ने मात्र नभई, भविष्यका योजनाहरूमा सुधार तथा नविनता ल्याउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विकास तथा अन्य नवीनतम अभ्यासहरूको प्रत्यक्ष अनुभव प्राप्त गरेकोले गाउँपालिकाको आगामी विकास, सञ्चालन तथा व्यवस्थापन नयाँ तरिकाले हुने अपेक्षा गरिएको छ । यस अध्ययन अवलोकन भ्रमणबाट सर्केगाड गाउँपालिकाको विकास तथा नीति निर्माणमा जनप्रतिनिधि तथा कर्मचारीको लगनशीलतामा सकारात्मकता देखिने अपेक्षा गरिएको छ ।

**प्रतिवेदक**

............................

नामः भीमराज उपाध्याय

पदः प्रशासन सहायक(योजना शाखा)

मितिः २०८११/१/२५